बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोत्कालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित

मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३



# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



तपाई निम्न मध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन?

- बाल विवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाईजो विवाह
- दवाव विवाह

बिचार गर्नुन,
के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानुनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष–१३ ।। अङ्क : ३०४ ॥ २०७८ माघ १२ गते बुधबार (26th Jan 2022 Wednesday) **Pratidin** National Daily dNo-?÷%÷-


# बिर्तामोड ओमिक्रोनको ‘हटस्पट’ बन्दै

## एघार दिनमा ३५१ संक्रमित, एकको मृत्यु



*झापा (प्रस)* । कोरोना संक्रमणको ‘हटस्पट’ बन्दै गएको बिर्तामोडमा संक्रमित थपिने क्रम तीब्र रुपमा बढेको छ।

संक्रमितको बढ्दो तथ्यांकलाई हेर्दा संक्रमण अझ धेरै फैलने संभावना देखिएको छ। किनकि संक्रमण रोक्नतर्फ कसैले चासो लिएको पाइदैन ।

कोरोनाको तेस्रो लहरमा बिर्तामोडमा ओमिक्रोनले एकजनाको मृत्यु भइसकेको छ। बिर्तामोड २ का ४५ वर्षिय पुरुषको बिर्तासिटी हस्पिटलमा सोमबार मृत्यु भएको हो । योसहित कोरोना संक्रमणबाट बिर्तामोडमा अहिलेसम्म ६८ जनाको मृत्यु भइसकेको छ।

बिर्तामोडको तथ्यांकलाई हेर्दा माघ १ देखि ११ गते मंगलबारसम्म ३५१ जना संक्रमित भएका छन् । माघ १ गते कसैलाई पनि संक्रमण पुष्टि भएको थिएन । तर, माघ २ गते ११ जनामा संक्रमण पुष्टि भयो। त्यस्तै माघ ३ गते ३९ , ४ गते ४१ , ५ गते ४० , ६ गते ५४ , ७ गते ३८ , ८ गते ३ , ९ गते ४६ , १० गते ३० र मंगलबार ४९ जना नयाँ संक्रमित थपिएका छन् ।

तेस्रो लहरमै बिर्तामोडमा ४१४ सक्रिय संक्रमित पुगेका छन् । उनीहरु होम आइसोलेसनमा रहेको बिर्तामोड नगरपालिकाका सिनियर अहेब दीपक सापकोटाले बताए । यसैबीच बिर्तामोड नगरपालिकाका करीब एक दर्जन जनप्रतिनिधि संक्रमित भएका छन् । नगर प्रमुख ध्रुवकुमार शिवाकोटीसहितका जनप्रतिनिधिहरुमा संक्रमण देखिएको हो ।

बिर्तामोड १ नं वडा कार्यालयका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीमा संक्रमण देखिएपछि कामकाज ठप्प छ। वडाध्यक्ष अग्नीप्रसाद पाण्डे , वडा सदस्यहरु यमुना आचार्य , कमला महरा , टीका संग्रौलासंगै वडा सचिव टीका अधिकारी , कर्मचारीहरु शारदा घिमिरे , थर्कमान भट्टराई , डीना काफ्ले संक्रमित भएका छन् । त्यस्तै वडा नं २ का वडा सदस्यहरु किशोर पौडेल , निता घतानी , तारा भट्टराई , वडा नं ५ का हर्कमाया विक , भावना आचार्यलगायतका जनप्रतिनिधि संक्रमित भएका छन् ।

त्यसैगरी नगरपालिकाका १० जना स्वास्थ्यकर्मी र ६ जना कर्मचारी समेत संक्रमित भएको सिनियर अहेव सापकोटाले जानकारी दिए । यसैबीच पछिल्लो २४ घण्टामा झापामा १७९ जना नयाँ संक्रमित थपिएका छन् । थपिनेमा ७८ महिला र १०१ जना पुरुष रहेका छन्। मंगलबारसम्म झापामा सक्रिय संक्रमितको संख्या १७३२ पुगेको छ । त्यसमध्ये ३५ जना अस्पताल भर्ना भएका छन् ।

## गौरादह नगरपालिकाको पनि सेवा बन्द

*झापा (प्रस)* । जनप्रतिनिधि र कर्मचारीलाई कोरोना संक्रमण भएपछि झापाको अर्को नगरपालिकाले पनि सेवा बन्द गरेको छ। कनकाई र अर्जुनधारा नगरपालिकापछि गौरादह नगरपालिकाले पनि सेवा बन्द गरेको हो । गौरादह नगरपालिकाले सोमबार एक सूचना जारी गरी माघ १६ गतेसम्मका लागि अति आबश्यकबाहेक नगरपालिका र वडा कार्यालयका सेवा स्थगित गरिएको जनाएको छ। नगर प्रमुख रोहितकुमार शाहद्वारा हस्ताक्षरित सूचनामा नगरपालिकाका धेरै जनप्रतिनिधि र कर्मचारीमा कोरोना संक्रमण देखिएको जनाइएको छ। यसअघि कनकाई र अर्जुनधारा नगरपालिकाले सेवा बन्द गरेका छन् । कनकाई नगरपालिकाले माघ ७ देखि १४ गतेसम्म र अर्जुनधारा नगरपालिकाले माघ १४ गतेसम्म सेवा बन्द गरेका हुन् ।

# प्रदेश १ मा आज राष्ट्रिय सभा निर्वाचन



*झापा (प्रस)* । प्रदेश १ मा आज राष्ट्रिय सभा निर्वाचन हुँदैछ । प्रदेशमा रिक्त हुन लागेको तीन सदस्यका लागि आज मतदान हुने भएको हो । ‘बिहान ९ बजेदेखि मतदान सुरु भएर दिउँसो ३ बजे समाप्त हुन्छ,’ जिल्ला अदालत मोरङका मुख्य न्यायाधीश तथा निर्वाचन अधिकृत भरत लम्सालले भने,‘राष्ट्रिय सभा सदस्य निर्वाचनमा मतदान गर्न आउने जनप्रतिनिधिहरुले नागरिकता, राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र वा निर्वाचित भएको प्रमाणपत्र लिएर आउनु पर्छ ।’

मतदान गर्न आउनेले खोपको दुवै मात्रा लगाएको खोप कार्ड र मास्क लगाएर आउनुपर्ने व्यवस्था गरिएको लम्सालले बताए । उनले कोरोना संक्रमित भएका कोही मतदाता भए छुट्टै मतदानको व्यवस्था गरिएको सुनाए ।

मतदानका लागि दुईवटा मतदान केन्द्र निर्धारण गरिएको छ । स्थानीय तहका प्रमुख/अध्यक्ष/उपप्रमुख/उपाध्यक्षका लागि प्रदेश निर्वाचन कार्यालय परिसरमा र प्रदेश सांसदहरुका लागि बाली संरक्षण प्रयोगशालामा मतदान केन्द्र तोकिएको हो । मतदान सकिएपछि साँझ ४ बजेसम्ममा मतगणना सुरु गर्ने तयारीसमेत गरिएको लम्सालले बताए । यस प्रदेशको कुल मतभार ९ हजार ३१२ मा सत्तारुढ गठबन्धन दलको ५० जना प्रदेश सांसद र स्थानीय तहका प्रमुख/अध्यक्ष/उपप्रमुख/उपाध्यक्ष १२६ गरी कुल ४ हजार ६६८ मतभार रहेको छ ।

एमालेको प्रदेश सांसद ४१ र स्थानीय तहका प्रमुख/अध्यक्ष/उपप्रमुख/उपाध्यक्ष १४२ गरी कुल मतभार ४ हजार ५२४ रहेको छ । प्रदेश सांसदमध्ये गुलेफुन खातुन उच्च अदालत विराटनगरले किर्ते कागजात मुद्दामा दोषी ठहर गरेदेखि फरार छन् । उनलाई एमालेले ल्याएर मतदान गर्ने तयारी गरेको छ भने जिल्ला प्रहरी कार्यालय मोरङले समात्ने दाउमा रहेको छ ।

यस्तै, राप्रपाकी १ प्रदेश सांसद र स्थानीय तहका प्रमुख/अध्यक्ष/उपप्रमुख/उपाध्यक्ष ४ जना गरी कुल मतभार १२० रहेको छ । यस प्रदेशबाट राष्ट्रिय सभा सदस्य महिलातर्फकी नयनकला ओझा, अपांगतर्फका अगम सिंह बान्तवा र अन्यतर्फका परशुराम मेघी गुरूङको पदावधि सकिन लागेकाले उनीहरूको ठाउँमा राष्ट्रिय सभा सदस्य निर्वाचित गराउन मतदान हुन लागेको हो ।

राष्ट्रिय सभामा तीन सदस्यका लागि भइरहेको निर्वाचनमा प्रदेश १ मा सत्तारुढ गठबन्धन, एमाले र राप्रपाले छुट्टाछुट्टै उम्मेदवारी दर्ता गराएका हुन्। सत्तारूढ गठबन्धन दलबाट जनता समाजवादी पार्टीले अल्पसंख्यक/अपांगमा भोजपुरका हेमराज राई थुलुङ, अन्यतर्फ कांग्रेसले झापाका गोपाल बस्नेत र महिलातर्फ नेकपा (एकीकृत समाजवादी)ले भोजपुरकी जयन्ती राईलाई उम्मेदवार बनाएको छ ।

यस्तै, एमालेबाट अन्यमा मोरङका गुरु बराल, महिलामा झापाकी सुमित्रा भण्डारी र अल्पसंख्यक/अपांगमा सोलुखुम्बुका सोनाम ग्याल्जेन शेर्पा उम्मेदवार छन् । राप्रपाका रन्जु प्याकुरेलले महिलामा र अमरबहादुर विष्ट अन्य सदस्यका लागि उम्मेदवार छन् । राप्रपाले आफ्नो उम्मेदवारलाई मात्रै मतदानको निर्णय गरेको छ ।




## मेडिकल कलेजविरुद्ध विद्यार्थी आन्दोलन स्थगित

*झापा (प्रस)* । मेडिकल कलेजको अतिरिक्त शुल्कविरुद्ध आन्दोलन गर्दै आएका ८ विद्यार्थी संगठनले आन्दोलन स्थगित भएको घोषणा गरेका छन् ।

काठमाडौं विश्वविद्यालयले सम्बन्धन शुल्क विद्यार्थीलाई नै फिर्ता गर्ने, होस्टललाई ऐच्छिक गर्ने र विद्यार्थीलाई निःसर्त कक्षाकोठामा भर्ना गराउने प्रतिबद्धता जनाएकाले आन्दोलन स्थगित गरिएको संयुक्त विद्यार्थी संगठनले


❖ बाँकी अन्तिम पृष्ठमा


## नोबेलका सञ्चालक शर्मा अमेरिका पुगे

विराटनगर । नोबेल मेडिकल कलेजका संचालक सुनिल शर्मा अमेरिका उडेको पुष्टि भएको छ । चिकित्सा शिक्षा आयोगको निर्णय तथा सरकारले पटकपटक दिएको निर्देशन पालना नगरेको भन्दै उनलाई पक्राउ गर्न गृहमन्त्रालयले तयारी गरेको थियो ।

नोबेल मेडिकल कलेजले अतिरिक्त शुल्क लिएको र फिर्ता हुनुपर्ने भन्दै विद्यार्थीहरुले आन्दोलन चर्काइरहेको बेला शर्मा फरार भएका हुन् । आफू पक्राउ पर्ने ठानेर शर्मा अमेरिका उडेको नोबेलका एक कर्मचारीले बताए । शर्मा काठमाडौं मेडिकल कलेजका सञ्चालक समेत हुन् । उनी आइतबार नै अमेरिका गएको बताइएको छ ।



# प्रेस चलाएर चर्चा कमाएका पराजुली दम्पति

– धर्मेन्द्र मामा,

झापा । बिहान सबेरैदेखि साँझ अबेरसम्म कमला कम्प्युटरको स्क्रिनसंगै बिताउँछिन् समय । उनका श्रीमान नरेन्द्र मेशिनसंगै खेलिरहेका हुन्छन्।

समयभित्रै पुस्तकहरू छापेर हस्तान्तरण गर्नुपर्ने चटारो छ उनीहरु दुवैलाई । काम सकिएको छैन भन्नु नपरोस् भन्ने पराजुली दम्पतिको चाहना छ । काममा निरन्तर लगनशीलताका साथ लागेकै कारण यी दम्पतिले चलाएको बुद्ध अफ्सेट प्रेस अहिले झापाका चर्चित प्रेसहरुमध्ये पहिलो नम्बरमा आउँछ । आफूलाई विवाह गरेर ल्याएपछि आफै काम गरेर कमाई खानुपर्छ भन्ने श्रीमानलाई सुझाव दिएकी कमला पन्ध्र वर्षभित्रमा शिखरमा पुगेकी हुन्।

विवाह गर्नुपूर्व श्रीमान नरेन्द्र पराजुली मेशिनमेनको रुपमा काम गर्दै आएको दशक बितिसकेको थियो। २०६४ सालमा एउटा सानो मेशिन खरिद गरेर आफै प्रेस सञ्चालन गर्न थालेका पराजुली दम्पती अहिले सबैको लोकप्रिय प्रेसको रुपमा स्थापित गर्न सफल भएका छन्। बिर्तामोडको भद्रपुर रोडमा एउटा सानो कोठा लिएर सञ्चालन गरेको बुद्ध अफ्सेट प्रेस अहिले झापाको सबैभन्दा बढी प्रकाशन गर्ने प्रेसको रुपमा चिनिएको छ ।

'सुरु-सुरुमा सामान्य बिल पर्चा पम्प्लेटहरु मात्र छाप्थ्यौं , केही समयपछि झापाबाट प्रकाशित हुने दैनिक तथा साप्ताहिक पत्रपत्रिकाहरु छाप्न थाल्यौं' कमला विगतलाई सम्झदै भन्छिन् , 'पछि गएर झापाका चर्चित पत्रिकाहरु विवेचना दैनिक, जनआन्दोलन साप्ताहिक, झापाली आवाज, यलम्बर



टाइम्स, नयाँ कामना साप्ताहिक, बरुण साप्ताहिक, अर्जुनधारा दैनिक, पूर्वाञ्चल दैनिकलगायतका पत्रिकाहरू हाम्रै प्रेसमा छापिन थाले।' त्यसपछि त झापाली साहित्यकारहरूको दृष्टि आफ्नै प्रेसमा पर्न थालेको बताउँदै उनले दर्जनौ झापाली साहित्यकार हरुले उनीहरुका कृतिहरु फटाफट आफ्नै प्रेसमा ल्याउन थालेको जानकारी दिइन् । झापाका चर्चित साहित्यकारहरु चूडामणि रेग्मी, तेजराज खतिवडा, सरोज ओली कोमलप्रसाद पोखरेल, डा. ठाकुर पोखरेल , जीवनाथ सुवेदी, डा. के आर खम्बू, मोहन प्रियाचार्य, विष्णुप्रसाद भट्टराई ,पुण्यप्रसाद खरेल, विजय पोखरेल, कृष्णप्रसाद उप्रेती, गोपीकृष्ण खनाल , राजेन्द्र संग्रौला, पुण्य खरेल, मातृका संग्रौला, इलामे जेठोलगायत दर्जनौं साहित्यकारहरूको कृति प्रकाशन गर्ने मुख्य प्रेस नै बुद्ध अफ्सेट प्रेस बन्न पुगेको छ।

'अहिले कामको चाप धेरै नै बढेको छ' नरेन्द्रले भने, 'मेची अञ्चलसहित कोशी अञ्चलका विभिन्न जिल्लाहरुबाट समेत संघसंस्थाहरुले प्रकाशनका लागि सामग्रीहरु लिएर आउनुहुन्छ। सरकारी तथा गैरसरकारी संघसंस्थाका मुखपत्रहरु, प्रतिवेदनहरु लगायतका सामग्रीहरु निरन्तर प्रकाशित भइरहेका छन्।' हालसम्म बुद्ध अफ्सेटबाट करिब १२ हजार फरक-फरक पुस्तकहरु प्रकाशन भएको नरेन्द्र सुनाउँछन्। वंशावली प्रकाशन गर्न केही अप्ठ्यारो भएपनि भट्टराई , न्यौपाने, गुरागाईं, लिम्बू ,बस्नेत, पोखरेल , बोखिमलगायतका थरको एक दर्जनबढी वंशावली प्रकाशन गरिसकेका छन्।

महत्वपूर्ण व्यक्तित्वहरूको स्मृतिग्रन्थ प्रकाशन गर्न पाउँदा उनीहरुको बारेमा जानकारी लिने अवसर समेत पाएको पराजुली दम्पतीको अनुभव छ । हालसम्म डि. कौडिन्य , नरपति लुइटेल, खडानन्द वाशिष्ठ, गोकुल जोशी, द्रोणाचार्य ,गोपीकृष्ण खनाल, शिक्षक सन्देशजस्ता दर्जनौं स्मृति ग्रन्थहरु बुद्ध अफ्सेटबाटै प्रकाशन भएका हुन्। श्रीमद् भागवत र गीताजस्ता धार्मिक ग्रन्थहरू पनि प्रकाशन भएका छन्।

'कमला र नरेन्द्रसंग काम गर्न अत्यन्त आनन्द आउँछ, उनीहरु साह्रै सरल र मिजासिला स्वभावका छन्, कहिले पनि झर्कोफर्को नगर्ने आफूले अह्राएको काम इमान्दारपूर्वक गर्ने उनीहरूको बानी छ,' प्रसिद्ध साहित्यकार कोमलप्रसाद पोखरेल अनुभव सुनाउँछन् । विगतको तुलनामा अहिले अफ्सेट प्रेसका नयाँ नयाँ प्रविधिहरु भित्र्याएकोले काम गर्न छिटो र सहज भएको सुनाउँछन् नरेन्द्र । सात सय पृष्ठसम्मका पुस्तकहरूलाई पर्फेक्ट बाइन्डिङ गरेर दिन सकिने, प्रतिघण्टा छ हजार पेज छाप्न सक्ने चेक मेशिन र इण्डियन मेशिनको प्रयोग गरी मल्टिकलर प्रिन्ट गर्ने सुविधा भएको नरेन्द्रले जानकारी दिए।

सबैभन्दा रमाइलो पक्ष के छ भने उनीहरुले काम गर्ने अरु मानिसहरु राखेका छैनन् । कमला आफै टाइप गर्छिन् भने नरेन्द्र आफै मेशिन चलाउँछन् र बुकबाइण्डिङ समेत गर्छन्। आफ्नै घरमा प्रेसको काम हुने भएकाले र आफै काम गर्ने भएकाले अन्य प्रेसको तुलनामा आफ्नो प्रेसमा सस्तो र छिटो हुने कमलाको दाबी छ । भर्खरै उनीहरुले सिटीपी प्रविधि भित्र्याएका छन् । जसबाट छपाइ र गुणस्तरीय सामग्री उत्पादन गर्न सहज भएको नरेन्द्र बताउँछन्। 'छिटोछरितो र सस्तो हुनुका साथै गुणस्तरीय सामग्री उत्पादन गर्ने भएकाले नै हामीले आफ्नो विद्यालयको सम्पूर्ण प्रकाशनसम्बन्धी कामहरु बुद्ध अफसेट प्रेसमा नै दिने गरेका छौं,' बिर्तामोडस्थित न्यूटन्स एजुकेशन एकाडमीका प्रिन्सिपल देवेन्द्र हुमागाई बताउँछन् । 'हामीले सकेसम्म आउने ग्राहकलाई सबै प्रकारका सुविधाहरु दिने प्रयास गरेका छौं, प्रुफ रिडिङको व्यवस्था गरिएको छ र तोकिएको समयमा नै सामग्रीहरुको उत्पादन गरेर दिने गरेकाले नै सबैको रोजाई हाम्रो बुद्ध अफसेट हुनपुगेको हो ' कमला भन्छिन्, 'सानातिना छपाइसम्बन्धी सामग्रीहरू त आउँछ नै ठूलाठूला पुस्तकहरू छाप्न पाउनु र उहाँहरूसँग काम गर्न पाउनु हाम्रो लागि खुशीको कुरा हो।'

# मास्क बैंक पुनः सञ्चालनमा



*झापा (प्रस)* । नेपाल रेडक्रस सोसाइटी भद्रपुर उपशाखाले पुनः 'मास्क बैंक' सञ्चालनमा ल्याएको छ ।

कोभिड-१९ को उच्च जोखिम बढेसँगै उपशाखाले मास्क बैंकलाई मंगलबारदेखि सञ्चालनमा ल्याएको हो । बैंक सञ्चालनका लागि भद्रपुर नगरपालिका-९ को बाल सञ्जाल समिति, उज्यालो बाल क्लब समेतको सहकार्य रहेको उपशाखाका सभापति गोपाल गिरीले बताए । उनका अनुसार गत साउन २९ गतेदेखि रेडक्रसले कोरोना संक्रमण न्यूनीकरण गर्ने उद्देश्यले 'मास्क बैंक' स्थापना गरेको थियो । कोभिडको जोखिम न्यूनीकरणपछि बन्द गरिएको कार्य मंगलबारदेखि पुनः सञ्चालनमा आएको हो ।

बैंकबाट विहान ७ बजेदेखि १० बजेसम्म स्वयंसेवक खटाएर निःशुल्क रूपमा मास्क वितरण हुँदै आएको छ । बैंकमा विगतमा रेक्रडसका आजीवन सदस्य र विभिन्न दाताले मास्क र मास्क खरिदका लागि नगद दुवै प्रदान गरेका थिए । सोहीबाट खरिद गरिएको मास्क बैंकमा रहेको उनले जानकारी दिए । उनका अनुसार मास्क अभियानप्रति आम नागरिकलाई प्रेरित गर्न 'हुनेले दिएर जाऔं, नहुनेले लिएर प्रयोग गरौं' भन्ने नाराका साथ भद्रपुर बजार र लक्ष्मी चोकमा बिहान ७ बजेदेखि १० बजेसम्म मेडिकल मास्क वितरण गरिँदैछ ।मास्क नलगाउनेलाई बानी पार्न र मास्क किन्न नसकेर वा नपाएर त्यसै हिंड्न बाध्य भएकालाई निःशुल्क बाँड्ने गरेको सभापति गिरीले बताए ।






## मेडिकल..

जनाएका छन् । प्रतिबद्धता पूरा नभए पुनः आन्दोलन गर्ने ८ विद्यार्थी संगठनद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । केयुले सम्बन्धन शुल्क बापत्तको ९८ हजार विद्यार्थीलाई नै फिर्ता गर्ने जनाएको छ ।

यद्यपि परीक्षा, रजिष्ट्रेशन शुल्क के हुने भन्ने अनिश्चित छ ।

नोबेल र काठमाडौं मेडिकलले होस्टल अनिवार्य गर्दै ४ लाख ८० हजार अतिरिक्त शुल्क मागेपछि चिकित्साशास्त्रका विद्यार्थी आन्दोलित भएका थिए । उनीहरुको आन्दोलनमा नेविसंघ, अखिल (क्रान्तिकारी), अनेरास्ववियू, समाजवादी विद्यार्थी युनियन लगायत ८ विद्यार्थी संगठनले ऐक्यबद्धता जनाएका थिए ।

कलेज संचालकले चिकित्सा शिक्षा आयोग, शिक्षा मन्त्रालय, जिल्ला प्रशासनलगायत निकायको निर्देशन अवज्ञा गर्दै आएका छन् ।

# सिटामोल सहज बनाउन सरकारका नाममा अन्तरिम आदेश जारी

*झापा (प्रस)* ।



सर्वोच्च अदालतले सिटामोललगायतका अत्यावश्यक औषधिको उपलब्धता सहज गराउन सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ । न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले मंगलबार यस्तो आदेश जारी गरेको हो। अधिवक्ता टीकाबहादुर कुँवरलगायतले रिट दायर गरेका थिए । आदेशमा कोरोना संक्रमणको समयमा उपचारमा आवश्यक पर्ने सिटामोललगायतका औषधिको सहज र विशेष प्रबन्ध मिलाउन भनिएको छ ।आदेशमा भनिएको छ, 'सिटामोल/प्यारासिटामोल लगायत अन्य औषधीहरुको तत्काल सहज वितरणको विशेष प्रबन्ध मिलाउनु भनी विपक्षीहरुको नाउँमा यो आदेश जारी गरिदिएको छ । साथै यस सम्बन्धमा नेपाल सरकारबाट औषधीको सहज वितरणका सम्बन्धमा भए गरेका काम कारवाहीहरुको विवरणको प्रतिवेदन लिई मिति २०७८।१०।१७ गते महान्यायाधिवक्ताको कार्यालयलाई छलफलको लागि उपस्थित हुन आउनु भनी विपक्षीहरुलाई सूचना दिई नियमानुसार पेश गर्न भनिएको छ ।

# हत्यामा संलग्न एकजना पक्राउ

*झापा (प्रस)* । मोरङको कटहरी गाउँपालिका-३ का २८ बर्षीय झप्पु भन्ने अशोक ऋषिदेवलाई भै-झगडाको क्रममा कुटपिट गरी हत्या गरेको आरोपमा सोही स्थानका ३८ बर्षीय शेखर राजवंशी पक्राउ परेका छन् ।

माघ ८ गते राति साढे ९ बजे कटहरी-३ मा रिङरोडको नहरमा आपसी भै- झगडा हुँदा शेखर राजवंशीको कुटाईबाट अशोक ऋषिदेवको मृत्यु भएको थियो । घटनामा संलग्न रही फरार रहेका प्रतिवादी राजवंशीलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले माघ ९ गते पक्राउ गरी मोरङ जिल्ला अदालतबाट ज्यान सम्वन्धी कसूरमा म्याद थप गरी थप अनुसन्धान भईरहेको छ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**१ नं. प्रदेशको**

**१५ दिने सूचना**

सधियार पश्चिमः दिनेश कुमार कुमार मित्तल, उत्तर : नविन कुमार अग्रववाल गोयल को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री फिरोज मियाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-५ | १७९ ००८० | १२८ | ८४.३५ | २०७८/०८/२२ | २०७८/०८/२२ | २०७८/१०/०७ |














नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सरकार ध्यान देऊ

संविधानमा नागरिकले पाउने स्वास्थ्य अधिकारका बारेमा स्पष्ट छ । संविधानमा प्रशस्त अधिकारका कुरा उल्लेख गरिएपनि हामी साह्रै निरीह हालतमा छौं। हरेकलाई निःशुल्क उपचार अकल्पनीय छ । समान पहुँच नारामा सीमित छ । स्वास्थ्य बिमाले गरिबका घर–दैलोमा टेक्न सकेको छैन। त्यसमा पनि यो संक्रामक रोगका लागि प्रयोगमै छैन। यस्तो हालतमा कोभिड तेस्रो लहर बनेर द्रूतदरमा छिरेको छ। छिमेकी भारतमा दैनिक ३ लाखभन्दा बढी संक्रमित थपिइरहेका छन्। हामीकहाँ दैनिक संक्रमित संख्या १० हजारबाट उकालो लागेको छ ।

विस्तारै अस्पतालमा बिरामीको चाप बढिरहेको छ । पहिलाजस्तो अक्सिजन हाहाकार पो हुने हो कि ? रगतको देशव्यापी अभाव सुरु भइसक्यो। रगत नपाएरै कसैको ज्यान जाने हो कि ? अस्पतालमा बेड/आईसीयू/भेन्टिलेटर नपाएर बिरामीले छटपटिनुपर्ने हो कि ? स्वास्थ्यकर्मी अपुग भएर उपचारबाटै वञ्चित हुनुपर्ने दिन आउने हो कि ? अहिल्यै सिटामोलधरी छैन। अघिल्लो लहरमा कोभिडको जीवनरक्षक रेम्डिसिभिर ६–७ गुणासम्ममा बिक्री भयो। यी र यस्तै औषधिको कृत्रिम वा स्वाभाविक अभाव सिर्जना गराइने पो हो कि ? कुल जनसंख्याको ४२.७ प्रतिशतले मात्र पूर्ण मात्रा खोप पाएका छन्। व्यापक मात्रामा खोप अभियान चलाउन पाए सिकिस्त हुन वा ज्यान जानबाट धेरैलाई बचाउन सकिने थियो कि ? भन्ने अनेकन आशंका उब्जिने गरेको छ। जत्रै महाविपत्ति आए पनि जुध्न तम्तयार भएर बसौं। यसमा राज्यको भूमिका अहम् हुन्छ । सरकारका निर्णय र नीति संकटका सारथि हुन सक्छन् । त्यसैले सरकारले पूर्वाधारमा बेलैमा सोच्नुपर्छ। अभाव र प्रभावबाट देशलाई जोगाउन सक्नुपर्छ।

बाँच्न पाउने संविधानप्रदत्त हक हरेकले उपभोग गर्न पाउनुपर्छ । देशमा सरकार छ भन्ने देखाउने यस्तै संकटको घडीमा हो। बाँकी राजनीतिक लुछाचुँडी र धपेडी अरू बेलालाई थाँती राख्दा पनि हुन्छ। अहिलेको प्राथमिकता नागरिकको जीवनरक्षाका लागि तदारुकता देखाउनु नै हो । सरकार त्यसतर्फ ध्यान देऊ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# गज्जुबाबुपछिको मधेस राजनीति



• श्रीमन नारायण

नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष एवं मधेसी नेता गजेन्द्रनारायण सिंहको निधन भएको २० वर्ष बितिसकेको छ। उहाँको निधनपश्चात् का दुई दशकमा देशको राष्ट्रिय राजनीतिमा धेरै आरोह-अवरोहका घटना भए । नेपाली काँग्रेसका नेता कार्यकर्ताले बीपी कोइरालालाई बीपीबाबु भनेर सम्बोधन गरेजस्तै मधेसमा गजेन्द्रनारायण सिंहलाई धेरैले गज्जुबाबु भनेर बोलाउँथे । उहाँको निधन भएपछिको यस अवधिमा जननिर्वाचित संविधान सभामार्फत संविधान निर्माण भएको छ । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । राजनीतिक स्थायित्व कायम भई स्थायी शान्तिको अनुभूति जनताले गरिरहेका छन् । जननिर्वाचित प्रतिनिधिले संघीय सरकार तथा प्रादेशिक सरकारको नेतृत्व गरिरहेका छन् ।

मधेसवादी दल संघीय सरकारमा सहभागी छन् भने यसअघिको प्रदेश २ (हाल मधेस प्रदेश) को सरकारको नेतृत्व पनि गरिरहेका छन् तर गजेन्द्रनारायण सिंहले जुन मूल्य, मान्यता एवं सिद्धान्तमा आधारित राजनीति गरिरहनुभएको थियो, त्यसको अब पटाक्षेप भइसकेको छ। स्वयं उहाँकै अनुयायीले पनि परिवारवाद, जातिवादको राजनीतिलाई महत्व दिएका छन् तथा मधेसको मुद्दालाई कमाइखाने भाँडो ठानेका छन् । हालै प्रदेश २ को संसद्ले दुईतिहाइ बहुमतबाट मधेस प्रदेश घोषणा गरेको छ तर गजेन्द्रबाबु बाँचेका भए यस्तो नामकरण हुने सम्भावना थिएन ।

वि.सं. २०४७ मा नेपाल सद्भावना पार्टीको स्थापना गरी उहाँले अघि सारेका कतिपय मागको सम्बोधन भइसकेको छ भने कतिपय मागप्रति स्वयं उहाँकै सहयोगी मधेसी नेताहरू नै गम्भीर छैनन । सिंह मधेसवादी नेता हुनुहुन्थ्यो तर देश एवं लोकतन्त्र उहाँका निम्ति सर्वोपरि थियो। इमानदारी, नैतिकता, सदाचार, अनुशासन एवं दलित प्रेम उहाँको राजनीतिको प्रमुख अस्त्र हुने गर्दथ्यो । जातिवाद, परिवारवाद र भ्रष्टाचारको उहाँ घोर विरोधी हुनुहुन्थ्यो। मधेसी समस्याको समाधानका निम्ति उहाँले शान्तिपूर्ण संघर्षको बाटो रोज्नुभएको थियो । नेपालको भूगोलभित्र तथा देशको संविधानअन्तर्गत मधेसी समस्याको समाधान होस् भन्ने उहाँको चाहना थियो। देशमा व्याप्त आर्थिक, सामाजिक एवं राजनीतिक असमानताको अन्त्य भएको उहाँ हेर्न चाहनुहुन्थ्यो।

वर्तमान अवस्थामा उहाँद्वारा स्थापित नेपाल सद्भावना पार्टी समाप्त भएको पनि करिब पाँच वर्ष बितिसक्यो। उहाँले अघि सार्नुभएका 'जय मातृभूमि १' को राजनीतिक अभिवादनलाई पनि तिलाञ्जलि दिने काम भइसकेको छ। सिंहको नाम अब केही व्यक्तिका निम्ति कमाइखाने भाँडो मात्रै साबित भइरहेको छ । उहाँद्वारा स्थापित राजनीतिक पार्टीलाई समाप्त गर्नेहरू अब उहाँको नाममा प्रतिष्ठान खोलिरहेका छन् तथा त्यस प्रतिष्ठानको आवरणमा पैसा कमाउने काम भइरहेको छ। एउटा राजनीतिक व्यक्ति आफ्नो विचारबाट जिउँछन् , तिनको नाममा खोलिएका अस्पताल तथा विद्यालयबाट होइन । महात्मा गान्धी, मार्क्स, लेनिन, बीपी कोइराला र मदन भण्डारीहरू आफ्नो विचारका कारण आदर्श पुरुष मानिनुहुन्छ, अस्पताल तथा विद्यालयबाट होइन। गजेन्द्रनारायण सिंहको राजनीतिक यात्रा राणाविरोधी आन्दोलनमा सक्रिय सहभागिताबाट सुरु भएको थियो।

नेपाली काँगेसमा आबद्ध रहेर उहाँले राजनीतिक यात्राको थालनी गर्नुभयो। वि.सं. २०१५ को आमनिर्वाचनमा उहाँ नेपाली काँग्रेस सप्तरीका जिल्ला अध्यक्ष हुनुहुन्थ्यो । प्रजातन्त्रवादी भएकै कारण उहाँलाई पटक-पटक जेलमा राख्ने काम भएको थियो। उहाँ जेलमा छँदा नै उहाँकी आमाको निधन भएको थियो। प्रहरीले हातमा हतकडी लगाएर नै उहाँलाई आमाको दाह संस्कारमा सहभागी गराएको थियो। सोही दिन पुलिसले पुनः सिंहलाई हिरासतमा लिने काम गऱ्यो। उहाँ हिरासतमै हुँदा उहाँको एक मात्र छोराको निधन भएको थियो । त्यसपछि बाँचुञ्जेलसम्म उहाँ सन्तानविहीन भएर बाँच्नुभयो। वि.सं. २०३२ तिर नेपाली काँग्रेसका केही शीर्ष नेतासित मतभेद हुँदा उहाँले भद्रकाली मिश्रसित मिलेर पूर्वाञ्चल काँग्रेसको स्थापना गर्नुभयो। वि.सं. २०३६ मा बहुदलीय संसदीय व्यवस्थाको पक्षमा उहाँ खुलेर लाग्नुभयो तर त्यस निर्वाचनमा निर्दलीय व्यवस्थाको जित भएको थियो।

वि.सं. २०४० मा तत्कालीन पञ्चायती शासकले देशमा बढ्दो जनसंख्याका बारेमा कारण पत्ता लगाउन जनसंख्याविद् डा. हर्क गुरुङको संयोजकत्वमा एउटा आयोग गठन गरेको थियो । त्यस आयोगको प्रतिवेदनको विरोधमा गजेन्द्रनारायण सिंहले रामजनम तिवारीसित मिलेर राजदरबारमा ज्ञापन दिनुभएको थियो । तराई-मधेसका जिल्ला सदरमुकाममा यसको विरोध पनि भएको थियो । अन्ततः त्यो प्रतिवेदन कार्यान्वयन भएन । त्यतिबेला नै उहाँले नेपाल सद्भावना परिषद् गठन गर्नुभयो। जसको उद्देश्य तराई-मधेसको भाषा संस्कृतिको विकास गर्नु थियो । वि.सं. २०४३ को आमनिर्वाचनमा उहाँ सप्तरीबाट राष्ट्रिय पञ्चायतको सदस्यका रूपमा निर्वाचित हुनुभयो । राष्ट्रिय पञ्चायतका सदस्य भएका नाताले उहाँ राजाको प्रशंसा त गर्नुहुन्थ्यो तर आफ्ना प्रत्येक सम्बोधनमा उहाँले देशमा कायम आर्थिक, सामाजिक एवं राजनीतिक भेदभावको विरोध गर्दै त्यसको अन्त्य हुनुपर्ने माग पनि गर्नुहुन्थ्यो।

वि.सं. २०४६ को अन्त्यमा पञ्चायतविरोधी आन्दोलनमा नेपाल सद्भावना परिषद्का नेता एवं कार्यकर्ताको सहभागिता रहेको थियो । जनआन्दोलनको सफलतापश्चात् २०४७ साल वैशाखको पहिलो साता नेपाल सद्भावना पार्टी स्थापना भएको थियो । सिंह वि.सं. २०४७ सालको जनकपुर, २०५० सालको वीरगञ्ज तथा वि.सं. २०५४ सालको विराटनगर महाधिवेशनबाट पार्टीको अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभयो । सिंहले नेपाल सद्भावना पार्टीको स्थापना गर्दा अघि सारेका महत्वपूर्ण मागमध्ये नागरिकता समस्याको समाधान भइसकेको छ भने देशमा मधेसी, दलित, खसआर्य, महिला एवं जनजातिका निम्ति आरक्षण (समानुपातिक समावेशिता) लागू भइसकेको छ। सामाजिक, आर्थिक एवं सामुदायिक एकरूपताका आधारमा उहाँले नेपालमा पूर्वी पहाड, पूर्वी तराई, काठमाडौँ उपत्यका, पश्चिमी पहाड एवं पश्चिमी तराई गरी पाँच प्रदेशको वकालत गर्नुभएको थियो तर त्यो सम्भव भएन। अब आठ जिल्लाको मधेस प्रदेश भइसकेको छ।

देश संघीय संरचनामा जानु पनि गजेन्द्रनारायण सिंहको सपना साकार हुनु हो । जनसंख्याका आधारमा निर्वाचन क्षेत्रको गठनसम्बन्धी उहाँको महत्वपूर्ण मागको पनि सम्बोधन करिब करिब भईनैसकेको छ। नेपाली सेनामा मधेसी युवाको प्रवेशप्रति सरकारले लचिलो नीति अपनाएको छ। गएको तीन दशकमा कतिपय मधेसी युवा सेनामा सहभागी पनि भएका छन् । प्रहरीको तुलनामा सेनामा प्रवेशको बाटो त्यति सहज र सरल हुँदैन किनभने त्यहाँ कठिन शारीरिक अभ्यास एवं प्रशिक्षण गर्नुपर्ने हुन्छ । सायद त्यही भएर होला, पढेलेखेका मधेसी युवा अध्यापन, प्रशासन एवं प्राविधिक पदको जागिरमा बढी ध्यान केन्द्रित गर्ने गर्दछन् । संघीय लोकतान्त्रिक शासन प्रणालीलाई विश्वमा अहिलेसम्मकै सर्वाधिक उत्तम शासन प्रणाली मानिएको छ किनभने जननिर्वाचित प्रतिनिधिको नेतृत्वमा सरकार गठन भएको हुन्छ । जननिर्वाचित प्रतिनिधिहरू देशको संसद्प्रति जिम्मेवार हुन्छन् । सिंहले उठाएका केही प्रमुख मुद्दामध्ये मधेसी भूमिहीनलाई पनि बसोबासका निम्ति अन्य सुकुम्बासीले पाउने गरेका सुविधा प्रदान गरिनु, हिन्दीलाई नेपालको दोस्रो राष्ट्रभाषाको दर्जा तथा मातृभाषामा प्राथमिक शिक्षाको प्रावधानजस्ता विषय अहिले त्यति बढी प्राथमिकतामा रहेको देखिँदैन ।

सिंह शान्तिपूर्ण एवं अहिंसक राजनीतिका माध्यमबाट समस्याको समाधान चाहनुहुन्थ्यो। उहाँ बाँचुञ्जेलसम्म तराई मधेसमा न त कुनै सशस्त्र समूह अस्तित्वमा आएको थियो न त कसैले राष्ट्र विखण्डनको कुरा नै गरेको थियो । सिंह बाँचुञ्जेलसम्म उहाँको पार्टीले बन्द, हडताल तथा हिंसक प्रदर्शनजस्ता विरोधका कार्यक्रम गरेन । अहिले मधेसको राजनीतिमा निकै उतारचढाव आइसकेको छ।

सिंह जातिवाद, परिवारवाद एवं भ्रष्टाचारको घोर विरोधी नेता मानिनुहुन्थ्यो । उहाँ नेपाल-भारत मित्रताका पक्षधर हुनुहुन्थ्यो। देशमा लोकतन्त्र, संघीयता तथा सामाजिक न्याय स्थापनाका लागि उहाँले गरेका योगदान सदैव अविष्मरणीय रहनेछ । उहाँ बाँचुञ्जेलसम्म नेपालको राजनीतिमा मधेसबाद शब्दको प्रयोग भएको थिएन । वर्तमान अवस्थामा गजेन्द्रनारायण सिंहको नाम, उहाँद्वारा स्थापित पार्टी तथा उहाँको योगदानलाई समाप्त गर्ने अभियान नै चलेको छ तर देश एवं समाजको हितलाई सर्वोपरि ठान्नेहरूको योगदानलाई बिर्सन सकिँदैन।

# सुधारोन्मुख कर प्रशासन



• डा. अर्जुनकुमार खड्का

यस आर्थिक वर्षका अर्ध वार्षिक आर्थिक तथ्याङ्कहरू प्राप्त हुन थालेको अवस्था छ । जसअनुरूप मूल्यवृद्धि करिब सात प्रतिशत पुगेको अवस्था छ भनी सरकारले गर्ने खर्चमा अपेक्षाकृत वृद्धि हुन सकेको छैन । यस्ता गतिविधिलाई विशेषतः कर व्यवस्थापनले प्रभाव पार्न सक्ने अवस्था रहन्छ । वास्तवमा कर भनेको अर्थतन्त्र र जनतामा व्यापक प्रभाव पार्ने सार्वजनिक नीतिमध्ये एक हो । यसबाट हुने आय वा आम्दानीको आधारमा नै सरकारको खर्च तथा विभिन्न योजना परिचालन गर्ने गरिन्छ । यसको अलावा करको उपयोग सार्वजनिक गतिविधिमा प्रत्यक्ष लगानी गर्न तथा सरकारले वाञ्छनीय ठानेको क्षेत्रमा खर्च गर्नका निम्ति समेत उपयोग हुने गर्दछ।

विश्वभरका प्रत्येक देशले आफ्ना करदाताबाट कर सङ्कलन गर्ने कार्य गर्ने हुनाले सरकारको सार्वजनिक खर्चका लागि स्रोत जुटाउने कार्य कर प्रशासनको माध्यमबाट हुने गरेको छ । यसैले देशको अर्थतन्त्रमा आय वितरणमा सुधार गर्न करलाई नीतिगत उपकरणको रूपमा प्रयोग गर्नुपर्ने अवस्था रहन्छ । साथै वित्तीय व्यवस्थालाई व्यवस्थापन गर्ने सम्बन्धमा राज्यले विभिन्न स्रोत परिचालनबाट आम्दानी प्राप्त गर्ने गरेको हुन्छ। यस्ता स्रोतमध्ये कर नै प्रमुख स्रोत हो । करदाताहरू कुनै पनि देशका अर्थतन्त्रका मेरुदण्ड भएकोले कर सङ्कलन गर्दा निश्चित कानुन, विधि र प्रक्रियामार्फत न्यायोचित तवरले मात्र कर सङ्कलन गर्ने गरिन्छ । यसर्थ कर प्रशासनलाई सक्षम बनाएमा मात्र यसले समाजको परिवर्तन तथा आवश्यकतालाई निरन्तर रूपमा सकारात्मक प्रभाव गर्न सक्ने अवस्था रहन्छ । कर प्रणालीलाई वैज्ञानिक र व्यवस्थित बनाउँदै लैजाने सम्बन्धमा करका विभिन्न सिद्धान्त प्रतिपादन भएका छन्। उदाहरणका लागि करको दर, कर लगाउने तरिका, कर सङ्कलन गर्ने विषय तथा प्रक्रियालाई प्रभावकारी बनाई राजस्वको अभिवृद्धि गर्ने कार्य नै करका सिद्धान्तसँग जोडिएको हुन्छ।

जब प्रत्येक करदाताले स्वेच्छाले कर बुझाउने दायित्वलाई पालना गर्छन्। तब कर प्रशासनका लागि सजिलो हुन्छ । जुन कार्य वास्तवमा स्वाभाविक र असल कार्य हो तर व्यवहारमा यसमा फरक पाइन्छ, जस्तै कतिपय करदाताले कर नतिर्ने र तिरे पनि ज्यादै न्यून तिर्ने, झुटा विवरण पेस गर्नेजस्ता कार्य गर्ने गरेको पाइन्छ। यसैकारणले गर्दा करको असल व्यवस्थापनका लागि कर सुधार योजनाको माध्यमबाट कर प्रशासनलाई चुस्त बनाउने प्रयास हुने गर्दछ । त्यसका लागि नीतिगत तथा कानुनी लक्ष्यका आधारमा कर प्रणालीको पर्याप्तता मूल्याङ्कन गर्ने गम्भीर प्रयास गरिएको हुन्छ। हुन त कर सुधारको योजना तथा कार्यान्वयन सरकारको बनोट र परिस्थितिमा पनि फरक हुन्छ । उदाहरणका लागि सरकारमा नयाँ पार्टी सत्तामा आएपछि कर सुधारको नयाँ प्रक्रियाको सुरु हुन सक्ने अवस्था रहन्छ। नयाँ पार्टीको सरकारको प्राथमिकता वा कार्यक्रम पहिले भएको सरकारको कार्यक्रम वा नीतिभन्दा फरक रहन्छ।

यसै हुनाले कतिपय अवस्थामा कर प्रणालीसम्बन्धी कार्य तत्कालीन आवश्यकता र समस्यासँग मिल्दोजुल्दो नभएको अवस्थामा कर प्रशासनको सुधारका लागि सरकारले कर सुधारसम्बन्धी आयोग गठन गर्ने गरेको पाइन्छ। उदाहरणका लागि सन् १९६८ मा कर सुधारका लागि ल्याटिन अमेरिकी देश कोलम्बियाले एक बृहत कर सुधार आयोगको गठन गरेको थियो । यस आयोगले कर प्रणालीमा रहेको अनुत्पादकता, असमानता र कार्यक्षमताको समस्यालाई हटाउन सफल रह्यो । नेपालको सन्दर्भमा पनि यस्ता प्रकृतिका कार्य गर्ने गरिएको छ जस्तै २०४६ सालपश्चात् कर प्रशासनमा रहेको एकीकृत प्रक्रियालाई सरलीकृत गर्ने अभिप्रायले धेरै नीतिगत तथा कानुनी सुधारका कार्य गरियो भनी संघीयताको मूलमर्मबाट निर्माण भएको नेपालको संविधानमा व्यवस्था भएको तीन तहको सरकारको कार्यलाई व्यवस्थित गर्नका लागि २०७२ सालपश्चात् कर व्यवस्थापनको सन्दर्भमा यसको क्षेत्र तथा दायरलाई व्यापकता बनाई तिनै तहमा कर प्रशासनलाई अझ बढाव दिँदै आएको अवस्था छ।

उन्नाइसौँ शताब्दीमा अमेरिकाका अर्थशास्त्री हेनरी जर्जले संसारको आर्थिक गतिविधिलाई चलायमान गर्ने प्रयोजनको लागि कर सुधार गर्नुपर्ने कार्यमा जोड दिई यसको थालनी गर्नुभएको थियो । यसको थालनीको मुख्य उद्देश्य जग्गा जमिनमा लाग्ने करको दरलाई घटाउने मूल प्रयोजन थियो । जसको प्रभाव संसारको अन्य भागमा पनि पर्ने थाल्यो जस्तै अस्ट्रेलिया, न्युजिल्यान्ड, हङकङ, ताइवान तथा सिङ्गापुर समेतले अमेरिकाको सिको गर्न थाले । अमेरिकामा अहिले पनि हेनरी जर्ज फाउन्डेसनको रूपमा उक्त कर सुधार आयोगलाई केही हदसम्म निरन्तरता दिइएको अवस्था छ । कर सुधारका लागि धेरै देशमा स्थायी संरचना नै निर्माण गर्ने गरेको पाइन्छ।

फिलिपिन्समा कर सुधारका लागि कर अनुसन्धान केन्द्र बनाएको अवस्था छ। यसैगरी, थाइल्यान्डमा अर्थ मन्त्रालयको मातहतमा एक एकाइको व्यवस्था गरिएको छ भनी जापानमा कर सुधारका लागि ब्युरो स्थापना गरिएको छ। साथै, इन्डोनेसियामा कर अनुसन्धानको समूहको माध्यमबाट कर सुधारका लागि कार्य हुँदै आएको देखिन्छ। यसैगरी, भारतमा गठन भएका विभिन्न कर सुधार आयोगमध्ये राजा जे. चेलिहाको अध्यक्षतामा गठन भएको कर सुधार आयोगलाई बढी महत्वका साथ लिने गरिन्छ । नेपालको सन्दर्भमा कर सुधारको कुरा गर्दा समिति तथा आयोगबाट भन्दा पनि सोझै नीतिगत तथा कानुनी आधारबाट गर्ने प्रचलन बढी रहेको पाइन्छ । यस्तो कानुनी व्यवस्थामध्ये प्रत्येक वर्ष बनाउने आर्थिक ऐन कर सुधारको पाटोमा मूल कार्य हो भनी मूल्य अभिवृद्धि कर ऐन, आयकर ऐन, अन्तः शुल्क ऐन, भन्सार ऐनलगायतका अन्य कानुनी व्यवस्थामा हुने संशोधन थप घट कर सुधारका अभिन्न एकाइका रूपमा रहेका छन् ।

कर क्षमताको सुधार तथा सुदृढीकरण सुशासन र जवाफदेहीतालाई सुधार गर्न अन्य क्षेत्रका आर्थिक सुधार राज्यको क्षमतालाई प्रवर्धन गर्न एवं नागरिकलाई राजनीतिमा संलग्न गराउने र लोकतन्त्रसँग सकारात्मक रूपमा जोडिएको हुन्छ। जुन कुरालाई अन्तर र्राष्ट्रिय मनिटरिङ फन्ड ओईओसीडी र संयुक्त राष्ट्रसंघ तथा विश्व बैङ्कको प्रतिवेदनले कर प्रणालीको सुदृढीकरण समानता उद्देश्यहरू प्राप्त गर्न र राज्य निर्माणलाई सुदृढ पार्ने मुख्य कुरा हो भनी उल्लेख गरेको पाइन्छ। यसैगरी, सन २०११ मा विश्व बैङ्कबाट भएको समीक्षामा कर्पोरेट कर दरहरू कम गर्नाले लगानी बढाउन सक्छ । औपचारिक फर्महरूले कर छली कम गर्न सक्छन् तथा औपचारिक फर्महरूको सिर्जनालाई बढाव दिन्छ। अन्ततः बिक्री एवं कुल आयको विकास कार्यक्रममा यसले बढाव दिन सक्छ भन्ने कुरा कर सुधारको माध्यमबाट प्राप्त गर्न सकिने कुरालाई औँल्याइएको छ।

कर प्रशासनको सुधारबाट कर सङ्कलन गर्ने कार्यको वर्गीकरण, कर्मचारी व्यवस्थापन तथा अधिकारको वितरणजस्ता कुरालाई महत्वपूर्ण कार्यको रूपमा लिने गरिन्छ। यसमा मुख्य गरेर कर सङ्कलनको किसिम जस्तै आयकर, मूल्य अभिवृद्धि कर अन्तः शुल्क र अरू करलाई के कसरी सङ्कलन गर्ने भन्ने विषयमा ध्यान दिनुपर्ने हुन्छ। यसैगरी, करदाताको किसिम जस्तै ठूला करदाता, मझौला करदाता तथा साना करदाताको ज्याला आम्दानी र अरू करदाताको आयको आधारमा विभाजन गर्नुपर्ने आवश्यकता रहन्छ। अनुरूप अन्य देशको दाँजोमा नेपालमा पनि त्यस्ता सुधारका कार्य हुँदै आएको पाइन्छ।

अर्कोतर्फ कर प्रशासनको सन्दर्भमा मुख्य काम र सहायक काम गरी विभाजन गर्ने गरिन्छ। मुख्य कामका लागि करदाता दर्ता, करदाता सेवा, दाखिल र कर घोषणा तथा कर भुक्तानीको प्रशोधन, करदाता लेखा परीक्षण करदाताको भनाइ अर्थात अपिल (पुनरावेदन), कर बक्यौताको सङ्कलन, कर छली अनुसन्धान आदि कुरालाई मुख्य कामको रूपमा लिने प्रचलन संसारभर रहन्छ । यसैगरी, सूचना प्रविधि, कानुनी सेवा, जनशक्ति विकास, बजेट योजना तथा स्रोत व्यवस्थापन तालिम, सञ्चालनसम्बन्धी रणनीतिक योजना आन्तरिक लेखापरीक्षण अनुसन्धानजस्ता विषयहरू सहायक कामको रूपमा लिने गरिन्छ।

कर प्रशासनको व्यवस्थापन राम्रो भएको अवस्थामा यसले सकारात्मक परिमाण ल्याउन सक्ने अवस्था रहन्छ। पहिलो, कुरा त करको माध्यमबाट देशको आर्थिक वृद्धि उच्च राख्ने कार्यमा यसले सहयोग पुऱ्याउँछ । दोस्रो, दिगो राजस्व सहायता तथा बाह्र स्रोत निर्भरता घटाउने कार्यमा सहयोग गर्छ। तेस्रो, राज्यको प्रशासनिक क्षमतालाई सुदृढ गर्दै, जवाफदेहितालाई प्रोत्साहन गर्ने र राज्यको खर्चका लागि राजस्व उपलब्ध गराएर राज्य निर्माणमा सकारात्मक प्रभाव पार्न सक्छ । साथै, गरिबीलाई करको दायरबाट हटाउन सक्ने अवस्था रहन्छ । यसर्थ, कर प्रशासनको व्यवस्थापनमा प्रगतिशील करहरूमा ध्यान केन्द्रित गर्नुको सट्टा सुधारात्मक उपभोग करहरूमा ध्यान केन्द्रित गर्न र गरिबहरूमा पर्ने असरलाई क्षतिपूर्ति गर्न खर्च कार्यक्रमहरू समायोजन गर्नुपर्ने आवश्यकता रहेको छ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ तथा अन्तः शुल्क ऐन, २०५८ जस्ता कानुनी व्यवस्थाले राजस्व प्रशासनसम्बन्धी कार्यान्वयनमा सही तथा समान किसिमले कार्य गर्न नसकेमा करदातामा कानुन अनुरूप लगाउनुपर्ने भन्दा कम वा बढी करलगायतमा त्यस्ता करदाताले प्रशासनिक तथा न्यायिक पुनरावेदन गर्ने सक्ने व्यवस्था गरिएको पाइन्छ । यसको अलावा कर निर्धारणको सन्दर्भमा नै सम्बन्धित विभागको महानिर्देशकमा पुनरावेदन गर्नेसक्ने अवस्था पनि एकतर्फ गरिएको छ भनी कर निर्धारणमा चित्त नबुझेर सोमा पुनरावेदन गर्न सक्ने अवस्था पनि अर्कोतर्फ रहेको छ। यसको अलावा प्रशासकीय निर्णयको विरुद्ध न्यायिक पुनरावेदन गर्न सक्ने अवस्थासमेत रहेको छ । यस्ता प्रकृतिका कार्यहरू कर प्रशासनमा गरिएका ठोस सुधार हुन् । राजस्व विवादमा पुनरावेदन लाग्ने विषयहरू पुनरावेदनको प्रकृति तथा तहहरू पुनरावेदनको स्वरूप धरौटी प्रणाली, पुनरावेदनसम्बन्धी शुल्क व्यवस्था, प्रशासकीय तथा न्यायिक पुनरावलोकनसम्बन्धी व्यवस्थालगायत अन्य कार्यलाई अझ परिमार्जित तथा पारदर्शी बनाउनु पर्ने अवस्था चाहिँ देखिन्छ।

साथै राजस्वसम्बन्धी कानुनको परिपालनामा कर प्रशासकले कुनै जिम्मेवारी लिनु नपर्ने र दायित्व पनि बेहोर्नु नपर्ने, दायित्व बेहोर्नु पर्ने अवस्थामा पनि सोसम्बन्धी कानुनी व्यवस्था पनि प्रभावहीन रहेको कारणबाट करदाताका केही गुनासाहरू रहेको अवस्था छ तर महत्वपूर्ण कुरा के हो भनी कर सुधारको नाममा कानुनबमोजिम कर सरकारलाई बुझाउनुपर्ने कर महसुल र राजस्व हिसाब किताब गोलमाल नगरी सही र ठीक ढङ्गले सरकारलाई बुझाउनुपर्ने करदाताको कर्तव्य हो। त्यस्तो कार्यलाई कुनै पनि करदाताले भुल्नु हुँदैन । जुन नेपालको संविधानको धारा ४८ बमोजिमको संवैधानिक दायित्वभित्र समेत पर्ने विषय हो।

# नेपालका पूर्वक्रिकेट प्रशिक्षकको निधन

*झापा (प्रस)* । नेपालका पूर्वक्रिकेट प्रशिक्षक अल्ताफ बलुचको निधन भएको छ । पाकिस्तान क्रिकेट बोर्ड (पीसीबी) ले मंगलबार बलुचको ६८ वर्षको उमेरमा सोमबार निधन भएको जनाए पनि निधनको कारण खुलाएको छैन ।

पाकिस्तानका लागि सन् १९६९ मा बलुचले १६ वर्षको उमेरमा ढाकामा न्युजिल्यान्डविरुद्ध टेस्ट डेब्यु गरेका थिए । त्यसको ६ वर्षपछि वेस्ट इन्डिजविरुद्ध लाहोर खेलिएको टेस्ट बलुचको दोस्रो तथा अन्तिम बन्न पुगेको थियो । बलुच सन् २००१ मा नेपालको प्रशिक्षक रहेका थिए । उनको प्रशिक्षणमा नेपालले शक्ति गौचनको कप्तानीमा बंगलादेशमा एसीसी यू-१७ एसिया कप खेलेको थियो । उनी नेपालको प्रशिक्षकको रुपमा राष्ट्रिय टोलीलाई २००१ मा क्यानाडामा आईसीसी ट्रफी (विश्वकप छनोट) मा उतार्ने क्रममा थिए ।

तर दिल्लीस्थित क्यानाडेली दूतावासले भिसा नदिएपछि नेपालले प्रशिक्षकबिहीन नै क्यानाडामा आईसीसी ट्रफी खेलेको थियो । त्यसपछि बलुच पाकिस्तान फर्किएका थिए । बलुचसँगैं कप्तान राजु खड्का, राजकुमार प्रधान, कुश गुरुङ र वीरेन्द्र साहले क्यानाडाको भिसा पाएका थिएनन् । उनीहरुको स्थानमा पवन अग्रवाल, नवीन घिमिरे, सन्दीप श्रेष्ठ र दुर्गा सेनलाई नेपाल क्रिकेट संघ (क्यान) ले क्यानाडा पठाएको थियो । बलुचको स्थानमा रोय डायस २००१ मै नेपालको प्रशिक्षक भएर आएका थिए । घरेलु क्रिकेटमा भने बलुचलाई पाकिस्तानको ठूलो प्रतिभा मानिन्छ ।

# सिरिजङ्गा लिपि परिवर्तनको विरोध गर्दै कार्यपत्र जलाइयो



*ताप्लेजुङ्ग (प्रस)* । सिरिजङ्गा लिपिलाई किरात थपेर 'किरात सिरिजंगा लिपि' बनाइएको र अनावश्यक स्वर तथा व्यञ्जनवर्ण थपिएको भन्दै सरोकारवालाले विरोध जनाएका छन् । असन्तुष्ट समूहले विज्ञको कार्यदल र उनीहरूले तयार पारेको कार्यपत्र पनि जलाएका छन् ।

यही माघ १५ गते झापाको बिर्तामोडमा सरोकारवालाको बृहत भेला बोलाएर संघर्ष समिति बनाउने र पुरानै लिपि कायम गर्न आन्दोलित हुने उनीहरूले घोषणा पनि गरेका छन् ।

ताप्लेजुङका अभियन्ता लक्ष्मण मेन्याङ्वोले सिरिजङ्गा लिपि बचाउ अभियान सुरु भएको जानकारी दिए । पहिल्यैदेखि चल्दै आएको लिपिको मौलिकता नष्ट गरिएको उनले आरोप लगाए ।

याक्थुङ लिम्बू बोलीचालीमा उच्चारण नै नहुने अक्षरहरू थप गरेको अर्का अभियन्ता पदम मावोको आरोप छ ।

'सिरिजङ्गा लिपिमा २५ वटा व्यञ्जन वर्ण थिए, कार्यदलले त्यसमा २३ वटा थप गरी ४८ वटा पुऱ्याएको देखिन्छ,' मावोले भने, 'सिरिजङ्गा लिपिमा ७ वटा स्वरवर्ण र त्यसभित्र ५ वटा ह्रस्व-दीर्घ सहित १२ अक्षर रहेकामा कार्यदलले ५ वटा थपेर १७ पुऱ्याएको देखिन्छ ।' याक्थुङ लिम्बू बोलीचालीमा उच्चारण नै नहुने ट, ठ, ड, ढ, ण जस्ता अक्षरहरू थपिएको उनले बताए ।

थपिएका अक्षर अनावश्यक र असान्दर्भिक भएको मावोको दाबी छ । सिरिजङ्गाले दिएको बलिदानीपूर्ण योगदानको मर्म र भावना विपरीत राखिएको किरात र थपिएका शब्द आफूहरूले नमान्ने उनीहरू बताउँछन् ।

अभियन्ता काजीमान पालुङ्वाले अहिलेसम्म प्रयोगमा रहेको लिपिमा अनावश्यक थप-घट गरिनु उचित नभएको बताए । साथै विज्ञ दलले त्यो कुरा नबुझेर अतिक्रमण गरेको उनले आरोप लगाए । साथै यस्तो थप-घट अविलम्ब सच्चिनुपर्ने उनको माग छ । किरात याक्थुङ चुम्लुङ, किरात याक्खा छुम्मा, सुनुवार सेवा समाज, किरात राई यायोक्खा लगायत संस्थासम्बद्ध किरात समन्वय समितिले लिपि समायोजनसम्बन्धी कार्यदल गठन गरेको थियो । उक्त कार्यदलले प्रतिवेदन बुझाएको थियो । सो प्रतिवेदनको विरोधमा आन्दोलन सुरु भएको हो ।

# माओवादीले चैतसम्म संगठनात्मक अभियान चलाउने



*विराटनगर (प्रस)* । नेकपा माओवादी केन्द्र प्रदेश १ समितिको दोस्रो बैठकले पार्टीको प्रदेश कार्यालय राख्नका लागि आफ्नै भवन बनाउने निर्णय गरेको छ । विराटनगरको विष्णुमाया पुस्तकालयमा मंगलबार बसेको बैठकले यस्तो निर्णय गरेको हो । बैठकले राष्ट्रिय सभामा गठबन्धनका उम्मेद्वारलाई मत हाल्न स्थानीय तहका जनप्रतिनिधि र प्रदेशसभा सदस्यलाई निर्देशन पनि दिएको छ ।

बैठकले प्रदेश कार्यालयको इन्चार्जमा टंक गिरी र सचिवमा मातृका बराललाई जिम्मेवारी दिएको छ । माओवादीले विभिन्न तीन कार्यदल पनि गठन गरेको छ । जसमा उपाध्यक्ष शिवकुमार डाँगी संयोजक रहेको उत्पादनसम्बन्धी अध्ययन कार्यदल, उपाध्यक्ष मणिकुमार साम्पाङ संयोजक रहेको सूचना प्रविधि उपयोगसम्बन्धी अध्ययन कार्यदल र उपाध्यक्ष देवान चाम्लिङ संयोजक रहेको सर्वेक्षण कार्यदल रहेको छ ।

बैठकले १४ जिल्लाकै नेताहरुसँगको परामर्शमा जिल्ला संयोजक, निर्वाचन क्षेत्र तथा पालिका इन्चार्ज तोक्ने निर्णय पनि गरेको छ । पार्टीले आगामी फागुन चैतसम्म संगठनात्मक अभियान चलाउने भएको छ । यस्तै वडा तहसम्म महाधिवेशनको मूल भाव सम्प्रेषण गर्न प्रशिक्षण आयोजना गर्ने, पार्टीले गरेका कामको प्रचार गर्ने, एक वडामा न्यूनतम ३ टोल कमिटी निर्माण गर्ने, एक टोल कमिटी ३ सेल कमिटी निर्माण गर्ने, जनवर्गीय संगठन र मोर्चाको बाँकी सम्मेलन वडादेखि गर्दै वैशाखसम्म प्रदेश सम्मेलन गर्ने, पार्टी सदस्य संख्या थप १ लाख ५० हजारलाई वितरण गर्ने निर्णय पनि बैठकले गरेको छ ।यस्तै पालिका अधिवेशन सक्न बाँकी पालिकालाई माघ मसान्तसम्ममा सक्न पनि बैठकले निर्देशन दिएको छ । माओवादीको प्रदेश समितिको बैठकले आठवटा जिल्लामा संयोजक पनि तोकेको छ । जसअनुसार खोटाङमा दिपक पाण्डे, उदयपुरमा बिनोद कट्वाल, सोलुखुम्बुमा असिम राई, भोजपुरमा नगेन्द्र भुजेल, तेह्रथुममा इम्जुङ, संखुवासभामा टेकमान राई, पाँचथरमा होमबहादुर जबेगु र इलाममा सोममाया राई संयोजक तोकिएका छन् ।

# फरार एमाले सांसद खातुनमा सबैको चासो



*झापा (प्रस)* । आज राष्ट्रियसभा निर्वाचनका लागि पाँचदलीय गठबन्धन र एमालेका उम्मेदवारबीच प्रतिस्पर्धा हुँदैछ भने राप्रपाले पनि आफ्ना २ उम्मेदवारलाई प्रतिस्पर्धाको मैदानमा उतारेको छ ।

निर्वाचनको माहोल तातिरहेको बेला सरकारी कागजात किर्ते मुद्दामा दोषी देखिएकी एमालेकी सांसद गुलेफुन खातुन मतदान प्रक्रियामा सहभागी होलिन् कि नहोलिन् भन्ने चासो सबैलाई बढेको छ। खातुन समानुपातिक तर्फकी सांसद हुन्।

सरकारी छाप र हस्ताक्षर किर्ते गरेको मुद्दामा उच्च अदालत विराटनगरले सांसद खातुनलाई एक वर्ष कैद र १४ हजार ५ सय ८३ जरिवानाको फैसला सुनाएपछि उनी फरार छिन्।

उनी लामो समयदेखि प्रदेशसभाको बैठकमा सहभागी नभएकाले उनीबारे जानकार नरहेको मोरङ प्रहरीको दावी छ।

राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि प्रदेश १ मा ३ पदका लागि ८ जनाको उम्मेदवारी दर्ता भएको छ।

सत्तारुढ गठबन्धनका तर्फबाट खुलामा कांग्रेसका गोपाल बस्नेत, महिलामा एकीकृत समाजवादीकी जयन्ती राई र अल्पसंख्यकतर्फ जनता समाजवादीका हेमराज थुलुङ राईले उम्मेदवारी दर्ता गराएका छन्।

यसैगरी एमालेबाट खुलातर्फ गुरु बराल, महिलामा सुमित्रा भण्डारी र अल्पसंख्यक कोटामा सोनाम ग्याल्जेन शेर्पाले उम्मेदवारी दर्ता गराएका छन्।

राप्रपाको तर्फबाट झापाका अमर विष्टले खुला र रञ्जु प्याकुरेलले महिलातर्फ उम्मेदवारी दर्ता गराएका छन्।

राप्रपाको प्रदेशसभाका एक सांसद र स्थानीय तहका अध्यक्ष र उपाध्यक्ष गरी ४ जनाको मतभार १ सय २० रहेको छ।

स्थानीय तहका अध्यक्ष र प्रमुख, उपाध्यक्ष र उपप्रमुख तथा प्रदेशसभाका सदस्य मतदाता हुने राष्ट्रियसभा निर्वाचनमा प्रदेश १ मा ३ सय ६४ मतदाता छन्।

निर्वाचनमा प्रदेशसभाका ९३ जना मतदाता हुनेमा टंक आङ्बुहाङलाई माओवादी केन्द्रले कारवाही गरेपछि उनको पद रिक्त छ भने १ सय ३७ स्थानीय तहतर्फ २ सय ७४ मतदाता हुनेमा २ जनाको निधन भएका कारण २ सय ७२ जना मतदाता छन्।

# धनकुटा प्रशासनमा अत्यावश्यक बाहेकका सेवा बन्द




*धनकुटा (प्रस)* । कर्मचारीमा कोरोना भाइरस संक्रमण देखिएपछि जिल्ला प्रशासन कार्यालय धनकुटाले मंगलबारदेखि अत्यावश्यकबाहेकका सबै सेवा बन्द गरेको छ ।

सार्वजनिक सूचना जारी गर्दै आगामी १८ गतेसम्मका लागि अत्यावश्यक बाहेकका सेवा बन्द गरिएको निमित्त प्रमुख जिल्ला अधिकारी रामनारायण श्रेष्ठले बताए ।

एक कर्मचारीको पीसीआर परीक्षण गराउँदा पोजिटिभ देखिएको र अन्य तीन कर्मचारीमा पनि लक्षण देखिएपछि कार्यालयमा तत्काल सेवा कटौती गर्नु परेको श्रेष्ठको भनाइ छ । उनका अनुसार संक्रमित र लक्षण देखिएका सबैजना होम आइसोलेसनमा छन् । कार्यालयले नयाँ नागरिकता/नागरिकता प्रतिलिपि/नाबालक परिचय पत्रसम्बन्धी कार्य, राहदानी वितरण, द्रुत सिफारिस तथा राहदानी प्रयोजनका लागि नागरिकता अभिलेख प्रमाणीकरण, राष्ट्रिय परिचय पत्रसम्बन्धी कार्यसमेत बन्द गरेको छ ।

यस्तै, संघ/संस्था दर्ता, नविकरण तथा संघ/संस्थासम्बन्धी अन्य कार्यहरु, पेन्सनसम्बन्धी कार्य, हातहतियार नविकरण तथा विस्फोटक पदार्थ अनुमति पत्र सम्बन्धी कार्य, अन्य प्रमाणित तथा सिफारिसलगायतका सेवासमेत बन्द गरिएको छ ।

तर, शान्ति सुरक्षासम्बन्धी कार्य, मुद्दासम्बन्धी कार्य, विपद् तथा विपद् व्यवस्थापनसम्बन्धी कार्य, अत्यावश्यक आन्तरिक प्रशासनिक कार्य भने सञ्चालन हुने जनाइएको छ ।

# श्रीमतीको हत्या आरोपमा श्रीमान पक्राउ



*झापा (प्रस)* । धनकुटाको धनकुटा नगरपालिका-४ छारागाउँका ५५ बर्षीय सिताराम श्रेष्ठलाई श्रीमतीको हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

गत पुष १६ गते बेलुका ५ बजेदेखि धनकुटा ४ की ५५ बर्षीया सिता श्रेष्ठ हराई बेपता भएको हुलिया निबेदन परेसंगै जिल्ला प्रहरी कार्यालय धनकुटाले खोजतलास शुरु गरेको थियो । खोजतलासकै क्रममा श्रीमान समेत घरबाट हराएको पाएसंगै सुक्ष्म अनुसन्धान शुरु गरेको प्रहरी टोलीले सिताराम श्रेष्ठलाई काठमाण्डौबाट माघ ९ गते पक्राउ गरेको हो । श्रेष्ठ पक्राउ परेसंगै सोधपुछको क्रममा श्रीमतीलाई आफैले हत्या गरी घरभित्र नै गाडेको भनी बयान दिएसंगै उक्त स्थानमा जिल्ला प्रहरी कार्यालय धनकुटाबाट प्रहरी उपरीक्षक सहितको टोली खटि गई उत्खनन् गर्दा सिता श्रेष्ठको शव घरभित्रै खाल्डो खनी गाडेको अवस्थामा फेला परेको हो । यसरी श्रीमतीको हत्या गरी आफैले खाल्डो खनी घरभित्रै गाडेर फरार भएका श्रेष्ठलाई कर्तब्य ज्यान मुद्दामा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

प्रतिदिन
PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क:
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** – दाजुभाइबीच विवाद पर्न सक्नेछ । साझेदारी व्यवसायमा लाभ हुने छैन ।

**वृष** – धार्मिक क्रियाकलापमा सहभागी भईएला । नोकरीमा उन्नति होला ।

**मिथुन** – नयाँ कामको जिम्मेवारी मिल्ने छ । विद्यामा प्रगति हुनेछ ।

**कर्कट** – अरुको मन जित्न सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

**सिंह** – आउन प्रेमको गाँठो कसिनेछ । व्यवहारिक समस्या पनिछ ।

**कन्या** – कामको बोझ पनि थपिनेछ । आर्थिक अभावले सताउन सक्छ ।

**तुला** – नयाँ जिम्मेवारी पाईनेछ । मान सम्मान बढ्नेछ ।

**वृश्चिक** – आज प्रशंसा पाईएला । नयाँ काम गर्ने मौका आउँला ।

**धनु** – आम्दानी पनि बढ्नेछ । कर्मसिद्धिको समय छ ।

**मकर** – मानसम्मान बढ्नेछ । शुभफल प्राप्ति एंव सम्पति लाभ हुनेछ ।

**कुम्भ** – सबैबाट सहयोग पाईनेछ । बस्त्रलाभ एंव उपहार प्राप्ति होला ।

**मिन** – मित्रभेटबाट प्रसन्नता मिल्नेछ । राम्रै आम्दानी हुनेछ ।